# गौर नगरपालिका कार्यालय

## रौतहट

*प्रथम पटक प्रकाशित मिति २०७३/०३/३० गते*

***आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी सूचना।***

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को परिच्छेद ६ मा व्यवस्था भए बमोजिम यस कार्यालयले मालपोत कार्यालय रौतहट, गौर नजिक र एस.पी. कार्यालय रौतहट, गौर नजिकको सार्वजनिक शौचालयको सेवा शुल्क वापत आय संकलन गर्न आ. व. २०७३/२०७४ देखि २०७७/२०७८ सम्म ५ बर्षका लागि बढाबढको माध्यमद्धारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति/फर्मले तपसिलका शर्तहरुको अधिनमा रही रितपूर्वक गोप्य सिलबन्दी बोलपत्र पेश गर्न यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

१. बोलपत्र बिक्री हुने अन्तिम मिति २०७३/०४/१३ गते ५:०० बजे सम्म।
२. बोलपत्र फारम दस्तुर रु. ३००।-(तिन सय मात्र) फिर्ता नहुने गरी।
३. बोलपत्र दर्ता हुने अन्तिम मिति २०७३/०४/१४ गते १२:०० बजे सम्म।
४. बोलपत्र खोलने मिति २०७३/०४/१४ गते दिनको २:०० बजे गौर न. पा. कार्यालयमा।
५. नगरपालिकाको कुनै प्रकारको बाँकी वक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीहरुले बोलपत्रमा भाग लिन पाउने छैन्।
६. नियमानुसार तिर्नु पर्ने करहरु ठेकेदारले स्वयं नै तिर्नु पर्ने छ।
७ धरौटी वापत रु. ५०,०००।- (अक्षरेपी रु. पचास हजार मात्र) नगदै यस कार्यालयको नाममा रहेको रा. वा. बैंक शाखा गौरको च. हि. न. ग ३-०१ मा दाखिला गरी सक्कल बैंक भौचर पेश गर्नु पर्ने छ, वा क वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको एक बर्ष म्याद भएको बैंक जमानत पत्र पेश गर्नु पर्ने छ। जमानत पत्र पेश गर्ने बोलपत्रदाताले प्रत्येक आ. व. को जेष्ठ मसान्त भित्र पुनः एक बर्ष म्याद भएको बैंक जमानत पत्र पेश गर्नु पर्ने छ। प्रत्येक आ. व. को जेष्ठ मसान्त भित्र बैंक जमानत पत्र पेश नगरे तपाई संग भएको ठेक्का सम्झौता स्वतःभंग भएको मानी पुनःठेक्का बन्दोवस्त गर्न सुचना प्रकाशित गरिने छ।
८. दुई बर्ष पुरा भएपछि तेस्रो बर्षको पहिलो महिना देखि मासिक रुपले बोलपत्रदाताले सकार गरेको रकमको १०% ले हुने रकम मासिक सेवा शुल्कमा बृद्धि हुने छ।
९ दुई बर्ष सम्म साना तिना मर्मतहरु बोलपत्रदाता आफैले मर्मत गनुपर्ने छ। ठूलो मर्मत गर्नुपरे आवश्यकता र औचित्य हेरी नगरपालिकाले गर्ने छ।
१०. नियमित रुपमा शौचालयको सरसफाई बोलपत्रदाताले नै गर्नु/गराउनु पर्ने छ।
११. आ. व. २०७३/०७४ मा बोलपत्र स्विकृत भई नियमानुसार सम्झौता हुने मिति सम्म जति दिन समय लाग्छ, त्यति दिन बराबरको रकम बोलपत्रदाताले बुझाउने मासिक रकममा मिन्हा हुने छ।
१२. बिधुत महसुल र पानी महसुल बोलपत्रदाताले नै बुझाउनु पर्ने छ।
१३. अन्तिम दिनमा विदा पर्न गएमा अन्तिम मिति पछि कार्यालय खुलेको पहिलो दिन कायम हुनेछ।
१४. बोलपत्र कुनै कारण जनाई वा नजनाई आंशिक रुपमा वा पुरै स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकालाई रहने छ।
१५. ठेक्का असुली दररेट यस कार्यालयको सुचना पाटीमा टाँस गरिनुको साथै बोलपत्र फारम साथै उपलब्ध गराईने छ।
१६. बोलपत्रदाता व्यक्ति भए सिलबन्दी बोलपत्र संगै नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म भए फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।
१७. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित आर्थिक ऐन नियम अनुसार हुनेछ।

**तपसिल**

| ठेक्का नं. | ठेक्का को नाम | आय शिर्षक | मासिक न्यूनतम ठेक्का रकम | कैफियत |
|---|---|---|---|---|
| ८/राजश्व/०७२/०७३ | मालपोत कार्यालय गौर नजिकको सार्वजनिक शौचालय | सेवा शुल्क | १५,०००।- | |
| ९/राजश्व/०७२/०७३ | एस.पी.कार्यालय गौर नजिकको सार्वजनिक शौचालय | सेवा शुल्क | १०,०००।- | |